# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ रिब्दीकोट कार्तिक ३, २०८० साल संख्याः ५**

**भाग-२**

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि २०८०, सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।०६।२८

**प्रस्तावना :**

रिब्दीकोट गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र यस पालिकाका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषिलाई अबलम्बन गरेका छन् कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि | उपजहरुको उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा ब्यबसायीलाई संगठित गरि बजारमा गुणस्तरीय तरकारी , फलफूल र मसलाजन्य बस्तु बिक्रि गरे बापत बिक्रिका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले रिब्दीकोट गाउँपालिकाले स्थानीय को दफा २०७४ सरकार संचालन ऐन११ को उपदफा २भएको "ण" को अधिकार २ को उपदफा १०२ व्यवस्थालाई कार्यान्वयन गर्न दफा

प्रयोग गरि रिब्दीकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद१ः
## प्रारम्भिक

**१ःसंक्षिप्त नाम र प्रारम्भ.**

१रिब्दीकोट गाउँपालिका कृषि उत्पादनमा " यस कार्यविधिको नाम ( आधारितअनुदान वितरण कार्यविधि| रहनेछ "२०८०-

२ यो कार्यविधि कार्यपालिकाबाट(स्वीकृत भएको मितिबाट लागू हुनेछ|

**२ःपरिभाषा र व्याख्या.**

(क)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले रिब्दीकोट गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(छ)"अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि गाउँपालिकाबाट कुनै किसान वा कृषि संस्थालाई प्रदान गरिने आर्थिक सहयोग कार्यक्रम सहयोग समेतलाई जनाउने छ ।

(ज)"कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि आफ्नै जग्गामा वा कसैकों जग्गा करारमा लिई कृषि खेती गर्ने कृषक ,कृषक समूह, कृषि सम्बन्धी उद्योग र कृषि सहकारी ,कृषि फर्म ,कृषि ब्यबसायी समेतलाई सम्झनुपर्छ

(झ)"उत्पादक" भन्नाले कृषि बालीबस्तु उत्पादन गर्ने कृषक वा समूह / वा कम्पनी वा उद्योग वा कृषि फर्म वा सहकारीलाई सम्झनुपर्दछ

(ञ)"तरकारी" भन्नाले फुलगोबी ,साग ,सिमि ,बोडी ,केराउ ,बन्दागोबी , क्यासिगम ,चिचिन्डा ,लौका ,आलु,गोलभेडा, घिरौला ,फर्सी ,भान्टा , लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ

(ट)"फलफूल" भन्नाले कागती ,किवी ,लिची ,आँप ,अनार ,सुन्तला , काक्रा ,ड्रागन फ्रुट, केरा लगायतका फलफूलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ |

(ठ)"मसलाजन्य बस्तु" भन्नाले लसुन ,अदुवा ,खुर्सानी ,धनिया ,प्याज , बेसार लगायतका मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ|

(ड)"कृषक समूह" भन्नाले कृषक कृषक मिलेर बनेको समूह भन्ने बुझिन्छ ।

## परिच्छेद२-
## कार्यविधिको उद्देश्य

३| कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ.

१ यस गाउँपालिका भित्र(निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप ब्यबसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा बृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने ।

२ कृषि(उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मकका रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोत , विकसित गर्ने

३साना किसानहरुलाई संगठित गरी सहकारीमा आबद्ध गराई ( उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने

४कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई ( लगानीलाई सुनिश्चितता प्रदान गर्ने ।

## परिच्छेद३-

## सहकारी, संकलन केन्द्र तथा कृषक समूहको छनौट

४ संकलन/अनुदान वितरणको लागि सहकारी.केन्द्र तथा कृषक समूह छनौट गरि गाउँपालिका र सहकारीबिच सम्झौता गरिनेछ |

१(यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादनमा आधारित अनुदान वितरणका लागि प्रत्येक वडामा कम्तिमा एक वटा कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूह तोकिने छ । त्यसैगरी तोकिएको कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहलाई गतिशिल बनाउन पालिका/वडाबाट सहयोग गरिनेछ ।

२(तोकिएको सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह र गाउँपालिका बिच अनुसूची| बमोजिमको ढाँचामा सम्झौता हुनेछ ४-

३(कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा कृषि उपजहरुको दैनिक खरिद तथा बिक्रीको रेकर्ड अनुसूची ३- बमोजिमको ढाँचामा प्रत्येक किसानहरुको अभिलेख वडा प्राविधिकको रोहबरमा राख्नुपर्नेछ |

४(कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाबाट निर्धारित कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहद्वारा अनुसूचीबमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ र २- सो कृषि सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूह मार्फत कृषि उपजको कारोबार गर्नुपर्नेछ |

५(सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप भैरहेका संकलन केन्द्रलाई खारेज गर्ने अधिकार गाउँपालिकालाई हुनेछ |

## परिच्छेद४-

## अनुदान सम्बन्धी ब्यबस्था

### ५अनुद.ान तथा आर्थिक सहायता

१( अनुसूची १-बमोजिमको कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना प्रकाशित गर्नु पर्नेछ । कृषकहरुले बालीबस्तुहरु उत्पादन गरि सहकारी, संकलन केन्द्र तथा कृषक समूह मार्फत बिक्रि गरी कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति गाउँपालिका भित्रका कृषि सहकारी, संकलन केन्द्र तथा कृषक समूहले अनुसूचीबमोजिमको ढाँचामा निवेदन पेश २- गर्नुपर्नेछ ।

२( पालिकाद्वारा निर्धारित सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहले अनुसूचीबमोजिमको ढाँचामा कृषकहरुको खरिद ३- अभिलेख, दैनिक बिक्रि बिल र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ |

३( एउटै आर्थिक वर्षमा एउटै उत्पादन वितरणमा आधारित अनुदान वा अन्य कुनै प्रकारको अनुदान प्राप्त कृषकलाई उत्पादनमा आधारित अनुदान प्रदान गरिने छैन ।

४( गाउँपालिकाद्वारा कृषकहरुको बैंक खातामा मार्फत अनुदान EFT रकम भुक्तानी गरिनेछ

५( कृषि उत्पादनमा आधारित अनुदान देहाय बमोजिमको आधारमा हुनेछ |

| क.स. | बाली/बस्तुको नाम | न्युनतम बिक्रि परिमाण (के.जी.) | प्रति के.जी. अनुदान (रु) |
|---|---|---|---|
| १ | गोलभेडा | ५०० | २ |
| २ | काक्रो | २०० | २ |

| | | | |
|---|---|---|---|
| ३ | अकबरे खुर्सानी | १०० | २ |
| ४ | अदुवा | ५०० | २ |
| ५ | बेसार | ५०० | २ |
| ६ | दुध | ५० | ४ |
| ७ | सुन्तला | १०० | २ |

**६ अनुदान व्यवस्थापन समितिको व्यवस्था .**

क. संयोजक — गाउँपालिका अध्यक्ष

ख. सदस्य — गाउँपालिका उपाध्यक्ष

ग. सदस्य — प्रमुख प्रशासकीय अधिकृत

घ. सदस्य — आर्थिक प्रशासन शाखा प्रमुख

ङ. सदस्य — पशु सेवा शाखा प्रमुख

च. सदस्य सचिव — कृषि शाखा प्रमुख

**७अनुदान व्यवस्थापन समितिको काम ., कर्तव्य र अधिकार**

क अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने ।

ख आवश्यक परे छुट्टै मूल्यांकन कार्यदल गठन गर्ने ।

ग आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने गराउने।

घ समय समयमा अनुगमन गरी सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने ।

# अनुसुची -१

# कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना

**मिति...........**

## सूचना । सूचना ॥ सूचना ॥।

रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०........../......... को स्वीकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक संकलन केन्द्र/कृषक समूह/ सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

१. अनुसुची २ अनुसारको ढाँचामा निवेदन,
२. वडा कार्यालयको सिफारिश,
३. सहकारीको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,
४. कृषकहरुको विवरण ।

# अनुसूची २

## कृषि तथा पशुजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहकारी/संकलन केन्द्र तथा कृषक समूहले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मिति २० । ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँ कार्यगाउँपालिकाको कार्यालय,
खस्यौली, पाल्पा ।

**विषयः उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................... गते प्रकाशन गरिएको सूचना अनुसार रिब्दीकोट गाउँपालिका ............................ वडा नं मा अवस्थित श्रीसहकारी संस्था/संकलन केन्द्र/ कृषक समूहले सामुहिक रुपमा सुन्तला, टमाटर, खुर्सानी, दूध, कात्रो, बेसार र अदुवा संकलन गरी खरिद तथा बिक्री कार्यमा संलग्न भएकोले यस सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

**तपशिल**

१ अनुसूची २ बमोजिमको निवेदन पत्र,

२ वडा कार्यालयको सिफारिश,

३. सहकारीको हकमा दर्ता प्रमाण-पत्र, कर चुक्ता र गत वर्षको लेखा परीक्षण प्रतिवेदनको फोटोकपी,

४.अनुसूची ३ अनुसारको कृषकहरुको विवरण,

५. सहकारी/संकलन केन्द्र तथा कृषक समुहको अभिलेखको प्रतिलिपि,

६.कार्यक्रम माग सम्बन्धि कार्यकारीणि समितिको निर्णयको प्रतिलिपि ।

निवेदक

नाम, थर :

पद :

संस्थाको नाम :

ठेगाना :

छाप :

मोबाइल नं

## अनुसूची ३

सहकारी संस्था, संकलन केन्द्र तथा कृषक समूहको नाम :

वडा नं:

(कृषकले गरेको खेती तथा उत्पादनको विवरण)

| सि नं | कृषकको नाम | ठेगाना | बाली/ बस्तुको नाम | खेती गरेको क्षेत्रफल | बोट /बिरुवा संख्या | अनुमानित उत्पादन के.जी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची ४

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था /संकलन केन्द्र तथा कृषक समूह र रिब्दीकोट गाउँपालिका बिच भएको संझौता पत्र

रिब्दीकोट गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपशिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने रिब्दीकोट गाउँपालिका र दोश्रो पक्ष भनिने......................................सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूह बिच तपशिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

**<u>संझौताका शर्तहरु</u>**

१. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र तथा समूहमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ ।

२. सम्बन्धित सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले सूचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ ।

३. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले दैनिक कारोबारको अभिलेखिकरण पालिकास्तरीय मूल्य निर्धारण समितिद्वारा निर्धारित मूल्यको आधारमा राख्नुपर्नेछ र पालिकाले प्राथमिकतामा राखेको ७ बालीबस्तु/पशुजन्य बाहेकको अभिलेख सो ढाँचामा राखिने छैन ।

४. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज बिक्री कारोबारको

अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा पेश भएको बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८० को परिच्छेद ४ (५) को दफा ४ बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहमा आवद्ध कृषकहरुको बैक खातामा सिधै भुक्तानी गरिनेछ ।

६. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा राखिएको खरिद बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठ्ठा ठहरिएमा सो सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहलाई पालिकाद्वारा कालोसूचीमा राखिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट सही गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नाम : | नामः |
| पद : | पद : |
| दस्तखतः | दस्तखत |
| मितिः | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. |
| छाप : | छाप : |

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत